प्रेस विज्ञप्ती

२०७४/१०/२९

३२ औं अन्तर्राष्ट्रिय मेयर सम्मेलन हिजो माघ २८ गते देखी सुरक्षित शहर भन्ने नाराका साथ इजरायलको राजधानी जेरुसेलममा शुरु भएको छ । उद्घाटन शत्रमा स्वागत मन्तव्य व्यक्त गर्दै जेरुसेलमका मेयर निर बार्कातले इतिहासलाई भविष्य सम्म जोड्ने र सबै समुदायका लागि सुरक्षित शहर निर्माण गर्नु नै मेयरहरुको जिम्मेवारी रहेको बताउनु भयो । अबका दिनमा शहरहरुले बजार विकास र  पूर्वाधार निर्माण गर्दै व्यवसायिक जगतका लागि अवसरहरुको सिर्जना गर्नुपर्ने र तुलनात्मक लाभका क्षेत्रमा केन्द्रित हुनुपर्ने विचार समेत मेयर बार्कातले राख्नु भयो । सम्मेलनमा विभिन्न निजी क्षेत्रका उच्च व्यवस्थापकहरुले आगामी दिनमा युवा पुस्तालाई समाहित गर्ने नवप्रवर्तनमा जोड दिदै प्रविधिको माध्यमबाट शहरहरुको रुपान्तरण हुने विचार व्यक्त गरे। सम्मेलनमा काठमाण्डौं महानगरपालिकाका प्रमुख श्री विद्यासुन्दर शाक्य लगायत विश्वका ३२ शहरका प्रमुखहरुका साथै अन्य शहरका प्रतिनिधि र निजी क्षेत्रका उच्च व्यवस्थापकहरुको सहभागिता थियो। ४ दिन सम्म चल्ने सम्मेलनको उद्घाटनका अवसरमा काठमाण्डौं महानगरपालिकाका प्रमुख श्री विद्यासुन्दर शाक्यले जेरुसेलमका मेयर निर बार्कातसँग शिष्टाचार भेट समेत गर्नुभयो । सम्मेलनको पहिलो दिन विश्वका विभिन्न शहरका प्रमुखहरुले जेरुसेलममा अवस्थित उच्च प्रविधिसँग सम्बन्धित केहि कम्पनीहरुको अवलोकन गर्नुका साथै ऐतिहासिक स्थलहरुको पनि भ्रमण गर्नु भएको छ ।